म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १६३ २०८१ वैशाख २२ गते शनिबार 4 May 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

काम गर्न विदेश जो सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रदेशसभाको बजेट अधिवेशन वैशाख ३१ गते बोलाउने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेशसभाको बजेट अधिवेशन वैशाख ३१ गते बोलाउने भएको छ । शुक्रबार हेटौंडामा सभामुख भुवनकुमार पाठकको कार्यकक्षमा बसेको सर्वदलीय बैठकमा यस्तो निर्णय भएको नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता एवम् आर्थिक मामिला मन्त्री जगन्नाथ थपलियाले जानकारी दिनुभयो ।

सर्वदलीय बैठकमा जेठ १ मा प्रि-बजेट छलफल गर्ने, १५ गते नीति तथा कार्यक्रम पेस गर्ने र असार १ गते बजेट पेस गर्ने गरी संसद्को क्यालेण्डर बनाउन पनि दलहरुबीच सहमति जुटेको जानकारी दिनुभयो । विगतमा भएको बजेटमाथिको कमजोरी सुधार गरेर सन्तुलित र व्यवहारिक बजेट बनाउन पनि दलहरु सहमत भएको उहाँको भनाइ छ ।

सर्वदलीय बैठकले प्रदेशसभाका पाँच संसदीय समिति सभापति चयनका लागि दलका प्रमुख सचेतकहरु सदस्य रहेको कार्यदललाई सहमति जुटाउन अनुमति दिने निर्णय पनि गरेको छ । कार्यदलले जेठ ४ सम्म समिति सभापतिका लागि सहमति जुटाउन नसके निर्वाचन प्रक्रिया अघि बढाउनेबारे दलहरुबीच सहमति भएको हो ।

सर्वदलीय बैठकमा मुख्यमन्त्री शालिकराम जमकट्टेलले मुख्य पाँच दललाई एक-एक समिति सभापति दिने गरी प्रस्ताव पेस गर्नुभएको थियो । प्रदेशसभामा सात दलको प्रतिनिधित्व रहेको छ । उक्त प्रस्तावमा सहमति जुटे हाम्रो नेपाली पार्टी र नेमकिपाले समिति सभापति नपाउने देखिएको छ ।

## सडक भासिँदा कान्तिलोकपथ अवरुद्ध

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोपथ सडक भासिएका कारण ३ दिन अवरुद्ध हुने भएको छ । कान्तिलोकपथअन्तर्गत् ललितपुरको बागमती गाउँपालिका-२, रातोभिरमा माटो, ढुङ्गा झरेको र बाटो भासिएका कारण सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शुक्रबार बिहान ९ बजेको समयमा रातोभिर नजिक काम गर्ने क्रममा सडक भासिएको हो । सडक अवरुद्ध भएका कारण अहिले माटो फाल्ने र मर्मतको काम भइरहेको प्रहरीले जनाएको छ । सडक पूर्णरुपमा अवरुद्ध भएकाले मर्मत गर्न ३ दिन लाग्ने भएको छ ।

## इजरायल पुगेर समाचार लेखेका मकवानपुरका पत्रकार कार्कीलाई सम्मान



होम कार्कीलाई सम्मान गर्नुहुँदै सूचना तथा सञ्चार मन्त्री रेखा शर्मा ।

समाज संवाददाता

हेटौंडाः इजरायल र हमासबीचको युद्धको सुरुवाती समयमा इजरालय नै पुगेर समाचार लेखेका मकवानपुरका पत्रकार होम कार्कीलाई नेपाल पत्रकार महासंघले सम्मान गरेको छ । महासंघको २७ औं महाधिवेशनको उद्घाटन समारोहमा शुक्रबार कार्कीलाई सम्मान गरिएको हो । संघीय सरकारकी सूचना तथा सञ्चार मन्त्री रेखा शर्माले कार्कीलाई सम्मानपत्र प्रदान गर्नुभयो ।

नेपाली नागरिकको समेत मृत्यु भएको युद्धमा आम नेपालीको चासो भइरहेका बेला मकवानपुरका होम कार्कीसहित प्रकाशचन्द्र तिमल्सेना र श्याम श्रेष्ठलाई कान्तिपुर मिडिया ग्रुपले द्वन्द्वग्रस्त क्षेत्रमा पठाएको थियो । साहसिक पत्रकारिता गर्दै नेपाली जनतालाई सूचित गराउने भूमिका निर्वाह गरेको भन्दै तीनैजना पत्रकारलाई सम्मान गरिएको हो ।

२०२३ अक्टोबर १३ मा इजरायल पुगेका ३ सदस्यीय पत्रकार १२ दिन द्वन्द्व प्रभावित क्षेत्रमा समाचार संकलन गरेर फर्किएको थियो । इजरायल र हमासबीच अहिले पनि युद्ध जारी छ ।

## हेटौंडामा नेवाः तामाङ भाषा दिवस मनाइने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषालाई कामकाजी भाषाको रुपमा कार्यान्वयनको घोषणा गर्ने दिन यही बैशाख २४ गते सोमबार हेटौंडामा नेवार र तामाङ समुदायले विशेष झाँकीसहित खुसियालीमा नेवाः तामाङ भाषा दिवस मनाउने भएको छ । प्रदेश सरकारले काठमाडौंमा विशेष समारोहको आयोजना गरेर प्रधानमन्त्रीमार्फत कामकाजी भाषा घोषणा गर्ने कार्यक्रम तय भएको छ ।

संघीय राजधानीसँगै प्रदेशको राजधानीमा पनि विशेष खुसियाली र उत्सव मनाउने तयारी भएको नेवा देय दबु बागमती प्रदेश समितिका अध्यक्ष विष्णुगोपाल महर्जनले बताउनुभएको छ । शुक्रबार बिहान हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै नेवाः देय दवु र नेपाल तामाङ घेदुङको प्रदेश समितिले संयुक्तरुपमा नेवाः तामाङ भाषा दिवस मनाउन लागिएको जनाएको छ। हेटौंडाको बुद्धचोकबाट ज्याली सुरु भई नगर परिक्रमापछि हेटौंडा-२ स्थित वनस्खण्डीदेवी मन्दिर परिसरमा सभा तथा नेवाः साँस्कृतिक संग्रहालयको शिलान्यास गरिने महर्जनले जानकारी दिनुभयो । ज्यालीमा नेवारी तथा तामाङ समुदायको झाँकी समेत रहनेछ ।




नेवाः तामाङ भाषा दिवस मनाउने विषयमा जानकारी दिनुहुँदै नेवाः देय दवु बागमती प्रदेश समितिका अध्यक्ष विष्णुगोपाल महर्जन ।

भाषा आयोगले प्रदेशमा बहुसंख्यक नागरिकले बोल्ने दुईवटा भाषालाई कामकाजी भाषाको रुपमा लागु गर्न सकिने उल्लेख गर्दै बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषालाई कामकाजी भाषाको रुपमा प्रचलनमा ल्याउन सिफारिस समेत गरेको थियो । पत्रकार सम्मेलनमा नेपाल तामाङ घेदुङ मकवानपुरका अध्यक्ष कालु घलान, नेवाः देय दवु बागमती प्रदेश समितिका सचिव गणेश कुमार श्रेष्ठ, मकवानपुर जिल्ला अध्यक्ष विष्णुलाल श्रेष्ठ, हेटौंडा उपमहानगर समितिकी अध्यक्ष प्रतिमा श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

## स्वास्थ्य शिविरमा २८९ जनाले सेवा लिए

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१९, नेवारपानीस्थित सहरी स्वास्थ्य केन्द्रको आयोजनामा शुक्रबार भएको वृहत् स्वास्थ्य शिविरमा २ सय ८९ जनाले सेवा लिएका छन् । १९ नम्बर वडा कार्यालयको आयोजना तथा कलेज अफ मेडिकल साइन्स (पुरानो मेडिकल कलेज) भरतपुरको सहयोगमा शिविर भएको वडा सचिव राजेन्द्र पोखरेलले जानकारी दिनुभयो ।

शिविरमा दन्तरोगमा २२ जना, स्त्री तथा प्रसुतिमा २३ जना, जनरल फिजिसियनमा १४२जना, बालरोगमा २१ जना र अर्थोपेडिकमा ८१ जनाले सेवा लिएका छन् । १५ जना बिरामीलाई उपचारका लागि मेडिकल कलेजमा रिफर गरिएको उहाँले जानकारी दिनुभयो । शिविरमा २२ जनाको मेडिकल टिमले सेवा प्रदान गरेको थियो ।

कार्यक्रमको समापनमा हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले मेडिकल टिमलाई प्रशंसापत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा सभाध्यक्षता १९ नम्बर वडा अध्यक्ष नरनाथ सुवेदीको रहेको वडा सचिव पोखरेलले जानकारी दिनुभयो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

## प्रशिक्षार्थी कर्मचारी आवश्यकता

यस समृद्ध समाज राष्ट्रिय दैनिकका लागि बजार प्रतिनिधिको रुपमा काम गर्ने गरी तपसील बमोजिम प्रशिक्षार्थी कर्मचारी आवश्यक भएकोले योग्य नेपाली नागरिकबाट २०८१ साल बैशाख २८ गतेभित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसील**
पदः बजार प्रतिनिधि (प्रशिक्षार्थी)
आवश्यक संख्याः २ (दुई) जना
शैक्षिक योग्यताः व्यवस्थापन संकायमा १२ कक्षा उत्तीर्ण ।
ग्राह्यताः स्नातक तह अध्ययनरत । मोटरसाइकल/स्कुटर चलाउन सक्ने, सवारी चालक अनुमतिपत्र भएको, अनुभवी ।
आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन ।

हेटौंडा, मकवानपुर

समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, अजरअमररोड
०५७-५२६८३०/९८५५०६८२२७

## मकवानपुरका बिष्ट र सुमनलाई प्रेस स्वतन्त्रता सेनानी सम्मान




प्रताप विष्टलाई प्रेस स्वतन्त्रता सेनानी सम्मान प्रदान गर्नुहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल ।

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघले मकवानपुरका अग्रज पत्रकार प्रताप विष्ट र कमलचन्द्र सुमनलाई "प्रेस स्वतन्त्रता सेनानी" को रुपमा सम्मान गरेको छ । काठमाडौंमा शुक्रबारदेखि सुरु महासंघको २७औं महाधिवेशनको अवसरमा विष्ट र सुमनलाई सम्मान गरिएको हो। प्रधानमन्त्री पुष्पकमल दाहालले दोसल्ला ओढाएर विष्ट र सुमनलाई सम्मानपत्र प्रदान गर्नुभएको छ।

नेपालमा स्वतन्त्र प्रेसको विकास र रक्षाका लागि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनमा खेलेको महत्वपूर्ण भूमिकाको सम्मान गर्दै, नेपाली पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै विष्टलाई प्रेस स्वतन्त्रता सेनानीको रुपमा सम्मान गरिएको महासंघले जनाएको छ । ४ दशकदेखि पत्रकारितामा क्रियाशील विष्ट कान्तिपुर दैनिकमा आवद्ध हुनुहुन्छ ।


नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको अध्यक्षको रुपमा दुई कार्यकाल नेतृत्व गर्नुभएका विष्ट बागमती प्रदेश समितिको संस्थापक अध्यक्ष समेत हुनुहुन्छ । विष्टले नेपाल पत्रकार महासंघको केन्द्रीय समिति सदस्यको रुपमा २ कार्यकाल काम गर्नुभएको छ । यस्तै कमलचन्द्र सुमन हेटौंडामा रहेर नमस्कार साप्ताहिक पत्रिका प्रकाशन गर्दै आउनुभएको छ ।



# किशनको अन्तरदृष्टिलाई नियाल्दा



✍ राजबाबु पहाडी



पुस्तक समीक्षा

लघुकथाकार किशन पौडेलको हिन्दीमा अनूदित लघुकथासङ्ग्रह "अन्तरदृष्टि" हात पर्‍यो । केहि दिनको व्यग्र प्रतिक्षा पछि विस्तारै कथाहरु पढ्ने परिवेश बन्यो । र पढ्दै गएँ । प्रत्येक लघुकथाहरुले विस्तारै तान्दै लग्न थाल्यो । त्यसपछि त कथाकारका साथै समग्र कथासंग्रह प्रति नै जिज्ञासा बढ्दै जान थाल्यो र यो सानो लेखोटले जन्म लिन पुग्यो ।

हिन्दीमा अनूदित उक्त लघुकथासङ्ग्रह कथाकार पौडेल स्वयम्ले अनुवाद गरेका रहेछन् । हिन्दी भाषा माथि लेखकको यति गतिलो पकड देख्दा पक्कै पनि हामी जस्ता साहित्यानुरागी पाठकलाई खुशी लाग्नु स्वाभाविक नै हो । भारतको पंख प्रकाशनले प्रकाशन गरेको यस सङ्ग्रहमा भारतका वरिष्ठ लघुकथाकार समालोचक डा. बलराम अग्रवालले बढो मिठासपूर्ण ढँगले कथा संग्रहको संक्षिप्त परिचय गराएका छन् ।

जम्मा ३८ वटा लघुकथाहरु संग्रहित यस सङ्ग्रहले हामी बाँचिरहेको विसंगतपूर्ण जीवन, समाज, राजनीतिको भरपुर चित्रण गरेको छ । साहित्यिक कल्पनाशिलता, मधुरता, मिठासपूर्ण भावहरुका साथ पस्किएका कथाहरु हाम्रा अन्तरहृदयलाई छोएर जान्छन् । कतै च्वास्स घोचेर जान्छन् ।

सबै लघुकथाहरुको शल्यक्रिया गर्ने यो मञ्च होइन ता पनि केहि लघुकथारुपी आँखीझ्याल मार्फत हामी समग्र कथासँग्रहलाई चियाउन र महसुस गर्न सक्छौं । सबैभन्दा छोटो लघुकथा "अनुमान" हाम्रो समाजको चरित्रचित्रण गर्न तम्सिएको छ र खरो उत्रिएको छ । हाम्रो राजनीति, बाध्यतावश सुन्नु परेको नेताहरुको भाषण वा विश्लेषण बुझ्न यही एउटा कथा काफी छ । फेरी हाम्रो गफाडी समाजको धोती फुस्काउन पनि चुकेको छैन । यो पढ्दै गर्दा हामी वस्तुपरक ढंगले बोल्न र चल्न कहिले सक्ने होला भनेर चिन्ता समेत बढाउँछ । यसरी विषय वस्तु पस्कन र ब्यङ्ग्य हान्न सक्षम भएका छन् कथाहरु । "न्याय" तुलनात्मक रुपमा केहि लामो लघुकथा हो । संग्रहको अन्तिम यस कथा हाम्रो मुर्खताहरु, न्याय पद्दती तथा सामाजिक दुरावस्थाको वयान गर्दछ । "अँधेर नगरी चौपट राजा" को झल्को दिने यो कथाले हामी अझै जँगे वा चन्द्रे नियानिसाफ प्रणालीमा त छैनौं भनेर झकझकाएको छ ।

हाम्रो राजनीतिक दलभित्र हुने छलफल, संसद भित्र हुने बहसहरुलाई यही कथाको तुलोमा राखेर तौलिन बडो उपर्युक्त देखिन्छ । यसरी विम्ब, प्रतिक, संकेत, व्यङ्ग्यहरुलाई साहित्यिक सौन्दर्यता अनि मादकताका साथ नेपाली साहित्यलाई अर्को संसारसम्म परिचित गराउने प्रयासको जति नै प्रशंसा गरे पनि कम हुने देखिन्छ । कथाकारलाई यस स्तुत्य कार्यकोलागी बधाई अनि साधुवाद ।

# श्रम



✍ दिविशा घिमिरे

श्रम भन्नाले मानिसले गर्ने मिहिनेत, परिश्रम र काम बुझिन्छ । हरेक मानिसले काम गर्छन् । किनभने काम मानिस जिउनका लागि महत्वपूर्ण छ । काम मानिसहरुको जिवनमा ठूलो भूमिका खेल्छ । हरेक मानिसले काम गर्नुपर्छ किनभने कामले मानिसलाई नयाँ सीप, जानकारी वा विभिन्न नयाँ कुराहरु प्राप्त गर्न सहयोग गर्छ ।

काम एक प्रकारको मात्र हुँदैन काम धेरै प्रकारको हुन्छन् जस्तै व्यवसायी काम, पर्यटक काम आदि । हरेक मानिसले आफ्नो जिवनमा विभिन्न काम गर्छन् । श्रम हाम्रो जिवनमा निकै महत्वपूर्ण हुने भएकाले हामीले अन्तर्राष्ट्रिय श्रम दिवस मे १ मा मनाउँछौं । काम नै मानिसको प्रगति र उन्नतिको रहस्य हो । काम बिना मानिसको केही अस्तित्व हुँदैन । अन्तिममा म यति भन्छु कि श्रम अथवा कामले मानिसको जिवन र देशको उन्नति, प्रगति वा विकासमा ठूलो भूमिका खेल्छ ।

*कक्षा-८, बालज्योति मावि, हेटौंडा-५*

# प्रधानमन्त्रीलाई चिठ्ठी



✍ प्रगति माली

सम्माननीय प्रधानमन्त्री ज्यू,
प्रधानमन्त्री कार्यालय, मिति: २०८१/१/१४
बालुवाटार, काठमाडौं

नमस्कार प्रधानमन्त्री पुष्पकमल दाहाल ज्यू । हजुरलाई चिठ्ठी लेख्न पाउँदा म आज धेरै खुशी र गर्व महसुस गरिरहेकी छु । यस्तो अवसर सबैलाई कहाँ पाउँछ र ? म आज "मैले चाहेको शिक्षा" शीर्षकमा रही हजुरलाई चिठ्ठी लेख्न जाँदैछु ।

हामीहरु सबै नेपालीलाई थाहा भएकै कुरा हो कि तपाईले हाम्रो देश नेपालका निम्ति कति योगदान दिनु भएको छ । हाम्रो नेपालमा शिक्षाको शुरुवात प्राचिनकालदेखि नै भएको थियो । तर त्यस बेला नेपालका सबै विद्यार्थीहरुले राम्रो शिक्षा पाएका थिएनन् । अझ भनौं त्यस बेला त नेपालका अधिकांश बालबालिकाहरुले पढ्न नै पाएका थिएनन् । तर पछि शिक्षाको बिस्तारै विकास हुँदै आएर आज आधुनिक शिक्षा भएको छ । आज शिक्षाको क्षेत्रमा आधुनिकीकरण भएको छ । तर के आज नेपालको शिक्षा रोजगारमूलक छ त ? के नेपालका प्रत्येक विद्यार्थीले नेपालमा रोजगार पाएका छन् त ? मेरो दृष्टिमा नेपालको शिक्षा एक रासायनिक मलको प्रयोग गरी फलाएको फल जस्तै छ । जुन फल आकार र स्वरुपबाट आकर्षक त हुन्छ तर त्यस फल खाँदा पोषण प्राप्त हुने अवस्था छैन । त्यस्तै नेपालको शिक्षामा आधुनिक त छ तर रोजगार मूलक भने छैन । यदि आज नेपालमा पि.एच.डी गरेका विद्यार्थीलाई ब्रह्माण्ड र सारा संसारका बारेमा सोध्यो भने बरु सजिलै जवाफ दिन्छन् तर आफ्नै देशको गाउँघरको बारेमा ज्ञान छैन । त्यस कारण म नेपालको शिक्षा गुणस्तर भएको हेर्न चाहान्छु ।

तपाईको मातहतका शिक्षा मन्त्रालय र मन्त्री प्रशासनका शिक्षा प्रविधियुक्त, प्रयोगात्मक र व्यवहारिक नभएकोले यधाशिघ्र विश्वविद्यालय र विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यसामाग्री पुन: निर्धारण गरिदिने र शिक्षकलाई तालिम र प्रविधिमैत्री बनाउन विद्यमान शिक्षा, ऐन, कानुन, नीति-नियम परिवर्तन गरिदिनु हुन चाहना राख्दछु । साथै युवा पलायन र बेरोजगार शिक्षा निर्माण गर्न तत्कालिन खारेज गरिदिनुहुन र आफ्नै देशमा इलम गर्ने र विज्ञान प्रविधिलाई उच्च प्राथमिकता दिनुहुन लागु गरी देशको समृद्धि र विकासको बाटोमा आवश्यक पाइला उचाली दिनुहुन्छ भनी म आशा गर्दछु । प्रधानमन्त्री पुष्पकमल दाहाल ज्यू, आजलाई म मेरो कलम बन्द गर्न चाहान्छु । यी महत्वपूर्ण कार्यक्रमद्वारा मैले चिठ्ठी हजुरलाई लेख्न पाएकोमा म हृदयदेखि धेरै खुशी छु र हजुरलाई धेरै धन्यवाद । आशा गर्दछु हजुरबाट सकारात्मक जवाफ आउने छ ।


*कक्षा-१०, श्रमिक मावि, हेटौंडा-४*

("शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह-२०२४" अन्तर्गत २०८१ बैशाख १४ गते हेटौंडामा शिक्षाका लागि राष्ट्रिय अभियान मकवानपुरले आयोजना गरेको "मैले चाहेको शिक्षा" शीर्षकमा विद्यार्थीले प्रधानमन्त्रीलाई लेखेको चिट्ठी ।)

# "उडान" लाई नियाल्दा



✍ आकांक्षा निरौला




पुस्तक समीक्षा

खबर चौतारी साप्ताहिक र नवसंकेत साप्ताहिकको कार्यकारी सम्पादकका रूपमा काम गरेका एवम् लामो समय विद्यालय र क्याम्पसमा अध्यापन गरेका कवि, कथाकार एवम् निबन्धकार विजय सापकोटाले नेपाली साहित्यको क्षेत्रमा अतुलनीय योगदान दिएका छन् । वि.सं. २०३७ साल फागुनमा काभ्रेपलाञ्चोकको च्यालेमा जन्मिएका उनले "उडान" साथसाथै "आमाको माया" (बाल उपन्यास), "अनावरण" (कथा सङ्ग्रह) लगायतका मनमोहक कृतिहरू लेखेका छन् तथा उनको एउटा बाल उपन्यास र कथा सङ्ग्रह चाँडै प्रकाशनमा आउँदै छ ।

विजय सापकोटाद्वारा लिखित "उडान" एउटा किशोर उपन्यास हो । वि.सं. २०७५ साल माघ महिनामा शाब्दिक बुक्सद्वारा प्रकाशित २४५ पृष्ठभूमिको यस उपन्यासमा आजको यो आधुनिकताले भरिपूर्ण सामाजिक सञ्जालको जमानामा कसरी प्रविधिको सदुपयोग गर्ने ? किशोरावस्थामा मनमा उत्पन्न हुने भावनालाई कसरी नियन्त्रण गरी सकारात्मकताको बाटोमा हिँड्ने ? हाम्रो देशका किशोरकिशोरी अर्थात् देशको भोलिका कर्णधारको जीवनमा देखा परेका पारिवारिक, सामाजिक एवम् शैक्षिक क्षेत्रका समस्या के के हुन् ? आदि जस्ता प्रश्नहरुको उत्तर दिने यो उपन्यासले अत्यधिक ज्ञान प्रदान गर्दछ ।

उपन्यासको सुरुवात गरिमाको विद्यालयको परिवेश अनि राम्रा व्यक्तिहरु देश छोडी विदेश जाने प्रवृत्तिजस्तो तीतो यथार्थको चित्रणबाट हुन्छ । विद्यार्थीहरूलाई सर विदेश गएकाले माध्यमिक तहमा पढाउन नयाँ शिक्षिका आएको देख्दा महिलालाई कुनै कामका लागि पनि योग्य नठान्ने पितृसत्तात्मक समाजको प्रभाव केही विद्यार्थीमा पनि परेको देखिन्छ । केही दिनपछि, लामो, डरलाग्दो र सुनसान बाटोबाट गरिमा र सरोजसँगै घर जाने गरेको थाहा पाएर गरिमाकी साथी सम्पदाले गरिमालाई मायाप्रेमका कुरा सुनाउँछे । फिल्ममा देखेको प्रेमकथा अनि पुस्तकमा पढेको अजम्बरी प्रेमको कथा । गरिमाको सम्पदालगायतका सबै साथीहरुको "ब्याईफ्रेन्ड" रहेको देखेर उसलाई पनि मनमा खुल्दुली सुरु भई ऊ सरोजको सामान्य बोलीचाली र आचरणलाई पनि नानाथरी सोच्छे । सोच्दा सोच्दै उसलाई आफ्नो जीवन बेकार लाग्न थाल्छ, ऊ आफूलाई सबैभन्दा दु:खी केटीका रूपमा सोच्छे र सरोजलाई प्रेमपत्र लेखेर दिन्छे । सरोजले भने गरिमालाई यथार्थपरक कुरा भन्छ अनि आफूले जीवनमा अत्यन्तै सङ्घर्ष गरेको र जिन्दगीमा धेरै पढेर राम्रो काम गर्न चाहने आफ्नो इच्छा रहेको कुरा व्यक्त गर्छ ।

गरिमा भने आफू मनिषा जति राम्री नभएर सरोजले मन नपराएको सोँच्छे र घर गएर आफूलाई अरु भन्दा कमजोर भएको पाउँछे । सबैद्वारा ज्ञानी भनिएकी गरिमा आफ्नै आमालाई नराम्रो भन्छे । आमाले रुँदै १० हजार दिँदा ऊ खुसी हुँदै बजार जान्छे तर आफ्ना बुबाले विदेशमा गरेको पौरख र आमाले गरेको सङ्घर्षलाई सम्झेर घर फर्किएर गरिमाले आमालाई पैसा फिर्ता गरी आफूलाई सम्हाल्छे । गरिमाको विद्यालयमा भने किरण र शिलाको अन्तरजातीय प्रेम सम्बन्धबारे थाहा पाएपछि किरणलाई मात्र दलित भएकाले नराम्रोसँग कुटिएको कुरा बाहिर आउँछ र कारबाही सुरु हुन्छ । शिलाले विद्यालय परिवर्तन गर्छे र किरणको टुटिसकेको मनोबल र विद्यालय जाने इच्छालाई पुनर्जागरण गराउने काम माध्यमिक तहमा नयाँ आएकी कविता मिसले गर्छिन् । उनी किशोर क्लब बनाएर किशोरी-किशोरीका समस्या बुझी बालबालिका ठूलो हुँदै जाँदा उनीहरूको रुचि, सपना र चाहना बदि्लने कुरा बताउँदै साहित्य, सिनेमा अथवा संगीतको प्रभावमा परेर गरिने काँचो प्रेमले भविष्य निर्धारण नगर्ने कुरा व्यक्त गर्छिन् ।

नायिका बन्ने रहर बोकेकी सम्पदा भने विक्रम भन्ने फोटोग्राफरसँग कुराकानी गर्छे । फोटो सुट गराउँछे र आफ्नो फेसबुक आइडीसमेत विक्रमलाई दिन्छे । एक दिन सम्पदालाई विक्रमले यौन दुर्व्यवहार गर्छ अनि सम्पदा रुँदै गरिमालाई फोन गर्छे । गरिमा सरोज र उसको विद्यालयका कम्प्युटर शिक्षकको सल्लाह मानेर सम्पदालाई मद्दत गर्छे र किशोर क्लबद्वारा बालबालिका माथि हुने शोषण र यौन दुव्यवहारका बारेमा सचेतना फैलाइन्छ । विक्रमले सम्पदालाई ब्लकयामेल गर्न खोजेपछि गरिमा र सम्पदा प्रहरीकोमा जान्छन् र विक्रमलाई पक्रन सहयोग गर्छन् । जसकारण उनीहरूले सम्मान र नगद पुरस्कार पाउँछन् । अन्त्यमा, गरिमा आफ्नो भविष्यप्रति सचेत हुन्छे अनि सरोज र गरिमा फेरि राम्रा साथी बन्छन् ।

साहित्यकार विजय सापकोटाले किशोरकिशोरीका संवेग, धारणा, समस्या र असजिला पक्षहरूलाई स्कुल, समाज र परिवार प्राय: कसैले पनि सही हिसाबले विचार नगरिदिँदा उनीहरू धेरैजसोको जीवनले जुन किसिमले सकारात्मक दिशा लिनुपर्ने थियो, त्यो नलिरहेकाले यो उपन्यास लेखेका हुन् । त्यस कारण "उडान" पुस्तक किशोरावस्थाका बालबालिकाका साथसाथै शिक्षक, अभिभावक एवम् समाजका प्रत्येक व्यक्तिले पढ्नुपर्ने आवश्यकता देखिन्छ । किनभने बालबालिकाको कोपिलासरी फक्रँदै गरेको मनसायलाई अझ फक्रन दिई भविष्यमा एउटा सुन्दर फूल बनाउनुमा सबैको भूमिका रहन्छ ।

शिक्षक विद्यार्थीको साथी बन्नु पर्ने, छाउपडी प्रथा, साइबर अपराध, मध्यमवर्गीय परिवारको समस्या, बालमनोविज्ञान, बालशोषण तथा यौन दुर्व्यवहार, विद्यालयमा अनावश्यक राजनीति, पितृसत्तात्मक समाज, किशोकिशोरीहरुको कसैले राम्रोसँग बोल्दैमा अपरिचितलाई पनि अन्धो भई विश्वास गर्ने प्रवृत्ति, मानिसको सिर्जनशील क्षमतालाई बिगारेर आफ्नो फाइदा कमाउन पल्किएका गलत व्यापारीहरूको अमर प्रेमको कथा अनि प्रेम पाउँदैमा संसार नै बदलिने; काम र कर्तव्य पूरा गर्नै नपर्ने जस्ता फिल्म चल्ने प्रवृति, आदिजस्ता पक्षहरूलाई यस पुस्तकमा सरल भाषाशैलीमा उजागर गरिएको छ ।

अन्तत: किशोकिशोरीहरुको समाजद्वारा निर्मित विविध समस्याहरूलाई उदाङ्गो पारेर उनीहरुलाई खुला आकाशमा निस्फिक्री उडान भर्ने प्रेरणा दिने र आम पाठकहरूको मन मस्तिष्कमा उल्लेखनीय ज्ञान प्रदान गरेकाले म तपाईंलाई पनि एक पटक 'विजय सापकोटा' द्वारा लिखित "उडान" पुस्तक पढ्न सुझाव दिन्छु ।

*कक्षा-१०, ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालय/नवसर्जक साहित्य चौतारी बागमती प्रदेश सदस्य*

## चित्रकला









कृष सेन्चुरी
कक्षा:- ६, सिद्धार्थ शिशु सदन
हेटौंडा-५



आयुष जसवाल कक्षा ७
सिद्धार्थ शिशु सदन, हेटौंडा-५



दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-५

# यो श्रद्धा सुमन



**जनार्दन खनाल**

बकैंया गापा वडा नं सात श्री हात्ती खोलामा
रहनु हुने श्रद्धेय आमा अठासी वर्षमा
भएको मृत्यु यो आठौं दिन भई नै सकेछ
कहिल्यै पनि फुर्सद मेरो नहुने रहेछ ॥

उनका छोराहरुमा तीन बाहेक अरुमा
शिक्षण कार्य गरेको मैले शिक्षक हुँदामा
खनाल अनि दाहाल बीच सम्बन्ध गाढा छ
मनले हामी नजिकै  छौ नि भूगोल टाढा छ ॥

सुखको बेला नगए हुन्छ समय दुःख को
परेको पनि सान्त्वना दिनु कर्तव्य हाम्रैं हो
मनमा लाग्यो जुरेली पुगैं बेलुकी पखमा
पियारो छात्र यी शिब हरि दाहाल भाइमा ॥

फुर्सद तिम्रो के छ हे बाबु १ दाहाल धर्मको
घरमा जानु परेको छ है कसरी जाने हो
पुऱ्याई देउ एकाध घण्टा बसौंला फर्कौला
नलिनु पीर हे गुरु वर दिउँसो जाऔंला ॥

मध्यान्ह तिर सुनियो अर्को दुखद खबर
राजनजीको श्रद्धेय आमा बित्नुभो भर्ख
अठासी वर्षे बुढ्यौली जिउँ दमको रोगले
लगेछ कठै ! आफन्तहरु बसेका शोकले ॥

बहालवाला अध्यक्ष उनी चार नं वडाका
साधन हुने दौड्न थाले यता र उताका
आएन बाबु अन्योल भयो खै कसो गर्ने हो
समय पनि बज्यो है एक मनमा चिन्ता भो ॥

पाएछन् थाहा दौडेर आए असिन पसीन
खाना नि कति के खाए होलान धपडी मनमा
बाटैमा पर्ने राजनको घर पसेर सम्झाएँ
संसार यस्तै रहेछ बाबु त्यो मन बुझाएँ ॥

श्री धर्मजीका घरमा पुगी चाँडै नै फर्कियौं
नआई घर घाट नै तिर दुवै नै तेर्सियौं
बिदाको दिन परेका पनि अध्यक्ष नाताले
दलका मान्छे गाउँलेहरु संयुक्त रुपले ॥

मलामीहरु भएका थिए यो चर्को घाममा
सम्झाएँ फेरी राजनलाई सान्त्वना अरुमा
ओखती मूलो सकेको गरे यी दुवै चेलाले
अभाव हुन दिएनन् कुनै राजन धर्मले  ॥

सम्पूर्ण प्राणी मृत्युको वश अमर को छर
बुवा र आमा रहँदा सम्म त्यो घर सुन्दर
यी वृद्ध वृद्धा आमा र बाबु जीवित देवता
मानेर सेवा गरेकै थियौ रहेनन् अब त ॥

श्री विष्णु माया दंगाल अनि श्री शिव कुमारी
दाहाल आमा यी दुवै जना बैकुण्ठ सुस्तरी
जानु नै होला अनन्त यात्रा फर्किनु नपरोस्
फेरि नि जन्म हुने नै भए यही नै जन्महोस् ॥

आत्माले शान्ति अवश्य पाओस् अनन्त लोकमा
सुखको साथ रहनु होला नपरी दुःखमा
यी दुवै आमाहरुको माया सकिन्न बिर्सन
हृदय यै देखि दिदैंछु मैले यो श्रद्धा सुमन ॥

*बकैंया–४, छतिवन*

# सुन्दर फूल उद्यानको



**रिमा घिमिरे**

आफूमा विश्वास र भरोसा राख
दुनियाँले केवल तिमीमा
कमीकमजोरी भेट्छ
आफ्नो आत्मामा गहिरिएर हेर ज्ञा
नको दियो त्यही भित्र जल्छ
तिमी कति शक्तिशाली,
बलवान छौं
आफूले आफैंभित्र
महशुस गर
तिमी को हौं ? के हौं ?
आफैंले आफैंलाई सोध
यो प्रश्नको उत्तर
आफूभित्रै खोज
एक-एक अक्षर उठाऊ
अज्ञानताका ढिस्काहरू
फुटाऊ पुस्तक
समाऊ कलम
चलाऊ हात दुख्लान्
दिक्क लाग्लान् मन
विचलित होलान्
नयनबाट अश्रुधारा पनि बग्लान्
तर नडराउ, नआतिऊ
कदम तिम्रा स्थिर राख
नडगमगाउ हात
उचाल आशुका नयन
पखाल मुसुक्क मुस्कुराउ
दिल खोल तिमी
ईश्वरको रोजाइ हौ तिमी
उनकै सोचाइ हौ
त्यसैले त धर्तीमा और्लियौ
प्रकृतिमा सुन्दर फूल बनी फूल्यौ
काँडा होलान् तिमीमा पनि
तर, बिन्ति कसैलाई नबिझाइदेऊ
तिमी एक सुन्दर
फूल उद्धानको बनी फुलिदेऊ
बरू तिम्रो सुवास
चारैतिर छरिदेऊ
बरू तिम्रो सुवास
चारैतिर फैलाइ देऊ

*हेटौंडा*

# मुक्तक



**भोजराज सञ्जेल**

भो नउप्काऊ, बसिसकेका घाउका खाटाहरू,
पर्खंदैछन् तिमीलाई नै, खेतबारीका पाटाहरू ।
गल्ती हुन्छन् मान्छेबाटै, सुधार्ने नि मान्छे नै हो,
फर्केर आऊ सम्झंदै, बिर्सिएका ती बाटाहरू ।

अरूको प्रगति हुँदा इर्ष्याको हुरी चलाउनेहरू,
आनन्द लिंदै विषको अन्न मुरी फलाउनेहरू ।
अवश्य ढल्नेछ एकदिन ती घण्टाकर्ण जस्तै,
अरूको स्वाभिमानमाथि छुरी चलाउनेहरू ।

*बकैया-७*

# कर्म सामर्थ्य



**अनुषा उप्रेती**

कर्म र देशप्रेम,
यी दुई बहुमूल्य रत्न
जहाँ कर्मले भरिदिन्छ
अन्तर्मनमा खुसी प्रेम
कर्ममा भए शक्ति
यो देशले मुहार बदल्दछ
बन्जर भूमी उर्वर बनी
माग्दछ नयाँ पुस्ताका विरुवा

प्रेमको परिभाषा नबुझ्नेले
जीन्दगी जिउनुको के मज्जा ?
सङ्घर्ष र चोट नखपी
लक्ष्य चुम्नुको के मज्जा ?
अहङ्कार, रिस, घमण्ड
यी नै त हुन्
मानिसको नैतिकतालाई
सखाप पार्ने कुपथ

लागे सत्मार्गमा
गरे सत्कर्म
अस्ताइसकेको जीवनमा
नयाँ सूर्योदय सँगै
ओइलाईसकेको पुष्पमा
नयाँ पत्रको
सुवास मगमगाइरहन्छ

क्षणिक सुख प्राप्तिका निमित्त
कतै गलत मार्गमा
लम्किएका त छैनौं ?
अन्याय र निष्कपटको
रापले पोलिरहँदा
न्यायका खातिर चर्किएका
आवाज दबाएका त छैनौं ?

लक्ष्यको  बाटो प्रारम्भमा
कठिन देखिएपनि
कर्मलाई हाता लिए
हुँदैन आफैंमा असम्भव

फूलहरू आफ्ना लागि
काम अरुका लागि
ज्यादा फुल्दछन्
आफ्नै कर्मको  योगले
सबैमाझ सुवास छर्दछन्

दुई दिने जीन्दगीमा
ईर्ष्या, लोभ गर्नुको के अर्थ ?
न आयौं लिएर केही
न त लैजाने सामर्थ्य नै छ
बस् यो दुई दिने अन्तरालमा
आफ्नै कर्मले
जीवनमा खुसी प्रेम भरौं
आफ्नै योगदानले
मुलुकमा क्रान्ति ल्याऔं

*कक्षा-१०, नवोदय शिशु सदन, हेटौंडा–४*

## गाउँखाने कथा

१. बोल्छ राम्रै मान्छे जस्तै मान्छे भने होइन, बोकी हिँड्दा सँग साथ दिन्छ राम्रै चैन ।
- रेडियो

२. अगाडीको काटेपछि खाने चीज बन्छ, बीचको काट्दा सुन्ने अंग शक्तिशाली बन्छ ।
- नून


३. छ खुट्टाको एउटा घोडा, दुईटा छ टाप, टापमाथि अन्नपातको हुने गर्छ नाप ।
- तराजु

४. हरियो त्यो रुप माथि रातो दोसल्ला, ओढेपछि देखाउँछ चाला ।
- रातो खुर्सानी

५. टाउको हात केही हुन्न खुट्टा एउटा मात्र, रमाउँदै घुम्ने गर्छ बजार, मेला, जात्रा ।
- बरफ

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक ।**

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशिः** साझेदारी र सट्टापट्टाका कामबाट फाइदा उठाउन सकिने छ । अतिथीका रुपमा सम्मानित बनिने अवसर आउँला । नाम, दाम, र प्रतिष्ठा कमाइने समय योग छ । प्राविधिक र सीपमूलक क्षेत्रबाट नयाँ ज्ञान सिक्ने मौका छ । रोकिएका कामहरु बन्ने समय योग छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । अध्ययन–अध्यापन मध्यम फलदायी छ ।

**वृष राशिः** भविष्यप्रतिको सोच र चिन्तन हाबी हुने समय छ । कामका लागि आशावादी बनिएला । परिश्रम र मिहिनेतले काममा पूर्णता होला । व्यापार–व्यवसायमा देखिएका बाधा हट्लान् । विशिष्ट व्यक्तिसँग छलफल बढ्ला । राजनीति वा समाजसेवाको क्षेत्रबाट लाभ प्राप्त होला । प्रतिस्पर्धी माथि विजय प्राप्त हुनेछ । जिम्मेवारी बढ्ने वा थपिने समय योग छ ।

**मिथुन राशिः** साथीसंगी र सहयोगीको मद्धतले काम बन्ने योग छ । लामो समय देखि रोकिएको काम बन्ने योग छ । नयाँ काम र जिम्मेवारी थपिने समय छ । प्रसिद्धि कमाउने र नाम राख्ने काममा मन जाला । व्यापार र आर्थिक क्रियाकलापबाट लाभ प्राप्त हुने समय योग छ । पढाइ लेखाइ ठिकै छ । सानो प्रयासले राम्रो नतिजा हात पर्ला । असहायको सेवा गर्दा लाभकारक हुनेछ ।

**कर्कट राशिः** ऋणभार र खर्च वृद्धिले तनाव बढ्न सक्छ । विपरीत परिस्थितिलाई जितेर अगाडी बढ्दा राम्रो रहन्छ । शारीरिक कमजोरी देखिने समय योग छ । हाकिमको कचकच बढ्ला । रोजगारीका लागि आफ्ना भित्री कमजोरी हटाउनु पर्ला । भावना र इच्छाको कदर हुने समय छ । धार्मिक र सामाजिक काममा मन जाला । पठन पाठनमा अझै तनाब ।

**सिंह राशि :** मन हलुका र चङ्गा हुने समय छ । विचार, भावना र सोचमा साथीसंगी र परिवारको साथ रहनेछ । प्रेम र मित्रताको बन्धन बलियो भएर जाला । व्यक्तिगत विलासितामा मन जाला । थालेको काममा सफलता मिल्ला । रामरमाइलो र रमझममा समय बित्ला । वैदेशिक प्रयोजनका काममा खटिने छ । सामाजिक र धार्मिक कृत्यमा सरिक भइएला ।

**कन्या राशिः** हिम्मतका साथ चुनौती र तगाराहरु पन्छाउन सकिने छ । परम्पराको पालना गर्दा लक्ष्यमा पुगिएला । अनावश्यक खर्च बढ्ने समय योग छ । जालझेल र ठगीबाट बच्दा राम्रो रहने छ । प्रतिस्पर्धीहरुसँग होश पुऱ्याउँदा राम्रो । लोकप्रियता बढ्ने छ । सहयोगीहरु प्रतिस्पर्धामा आउलान् । अध्ययन–अध्यापन मध्यमकारक मान्नुपर्दछ ।

**तुला राशिः** मानसिक चिन्ता बढ्ने समय योग छ । धार्मिक र सामाजिक काममा सरिक भइने समय छ । लहड, खेलवाड र मनोरञ्जनमा समय व्यतित हुने योग छ । आम्दानीका दृष्टिले कमजोर समय छैन । प्राविधिक ज्ञानको प्रयोग गर्ने समय छ । परीक्षा प्रतियोगितामा सफल भइने छ । परदेशको बसाई भए फाइदा पुग्ला ।

**वृश्चिक राशिः** कार्यक्षेत्र र पारिवारीक समस्यालाई सन्तुलनमा राख्ने प्रयास गर्नुहोला । व्यापार–व्यवसाय ठिकै छ । धार्मिक तथा सामाजिक काममा मन जाने समय योग छ । कुरा काट्नेहरुको सक्रियता बढ्न सक्छ । अनुभवलाई तिखार्ने अवसर मिल्ला । महत्वकांक्षा जाग्ने समय छ । सोच विचार पुऱ्याएर काम गर्दा राम्रो रहन्छ ।

**धनु राशिः** कार्यक्षेत्रका आधारमा सामान्य समय छ । आफ्नो कर्तव्य र दायित्वका बारेमा गम्भीर बन्नुपर्ला । पदीय जिम्मेवारी पूरा गरिने समय योग छ । सहयात्रीसँगको यात्राले शिक्षा र स्वास्थ्य सबल बन्ने छ । व्यापार–व्यवसाय दुवै मध्यमकारक छ । प्रेमजीवनमा एक आपसमा सुख दुःख बुझी अगाडी बढ्दा राम्रो ।

**मकर राशिः** मानसिक समस्या योगले सताउने समय छ । बन्दव्यापारबाट राम्रो फाइदा लिन सकिने छ । नयाँ काम पाउन सकिने योग छ । साथीभाईको सहयोगमा आर्थिक लाभ प्राप्त हुनेछ । केही चुनौतीको सामना गर्नुपर्ला । खानपानमा नियन्त्रण गर्नु होला । सामाजिक सम्बन्धमा बिस्तार हुने समय योग रहेको छ ।

**कुम्भ राशिः** व्यस्तता र दौडधूपमा समय बित्ने छ । करियर प्रारम्भ गर्ने नयाँ अवसर मिल्ने छ । चुनौतीपूर्ण कार्यहरु पनि पूरा गर्न सक्षम भइने छ । नवीन सोचको उदय हुनेछ । दायित्व र कार्यशैलीको प्रशंसा गर्ने छन् । खुट्टा तान्ने र कुरा काट्नेहरु तर्किएर हिँड्नेछन् । स्वास्थ्य स्थितिमा देखिएका समस्या समाधान होलान् ।

**मीन राशिः** खर्चको मात्रामा अचानक वृद्धि हुनेछ । काममा सावधानीपूर्वक कदम चाल्दा राम्रो रहन्छ । व्यापारी र व्यवसायीका लागि दौडधूप गर्नुपर्ला । संञ्चित धन खर्च होला । प्रत्यक्ष अनुभूतिमा आधारित कुरामा मात्र विश्वास गर्नुपर्ने समय छ । धार्मिक र सामाजिक कामबाट लाभ प्राप्त होला । मौसमी रोगव्याधीबाट बँच्दा राम्रो होला ।


## निशूल्क बार्बर (हेयर कटिङ) तालिम सम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०१/२२ गते*

हेटौंडा उपमहानगरपालिका कार्यालयको सहयोग र नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् मकवानपुरको आयोजनामा सञ्चालन हुन गइरहेको आदिवासी युवा लक्षित सीप विकास कार्यक्रम अन्तर्गत निशूल्क बार्बर (हेयर कटिङ) ४५ दिने (१६० घण्टा) तालिममा सहभागी हुन इच्छुक बेरोजगार जनजाति युवाहरुले व्यावसायिक योजना र स्थानको समेत चयन गरी महासंघलाई आश्वस्थ गराउने लिखित प्रतिवद्धतासहित आवेदन दिनु हुन जानकारी गराइन्छ । तालिमपश्चात अनिवार्य सैलुन व्यवसाय सञ्चालन गर्नुपर्नेछ । सैलुन व्यवसाय सञ्चालन गर्न आवश्यक औजार तथा सामग्री समेत उपलब्ध गराइनेछ । सीमित ५ (पाँच) जना मात्रै सहभागी गराइनेछ । तालिममा सहभागी हुन इच्छुकलाई लिखित र मौखिक परीक्षा लिएर मात्रै तालिममा समावेश गरिनेछ । इच्छुक व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् मकवानपुरको कार्यालय हेटौंडा-२, मानसचोकमा आवेदन दिन सक्नुहुनेछ । परिषद्को कार्यालय हरेक दिन दिनको १२ बजेदेखि ३ बजेसम्म खुला रहनेछ ।

**आवश्यक कागजात**

१. नेपाली नागरिकताको प्रमाणपत्र ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
३. हेटौंडा उपमहानगर क्षेत्रभित्रको बसोबास रहेको प्रमाण ।
४. आदिवासी जनजाति प्रमाण खुल्ने कागजात ।
५. पासपोर्ट साइजको फोटो ३ प्रति ।

**नेपाल आदिवासी जनजाति महासंघ**
**जिल्ला समन्वय परिषद् मकवानपुर**
**९८४५०-५७०२४/९८५५०-३१४४३**

# शिक्षा विकास निर्देशनालयको प्रशासनिक भवनको शिलान्यास



*शिक्षा विकास निर्देशनालयको भवन शिलान्यास गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयअन्तर्गत शिक्षा विकास निर्देशनालयको प्रशासनिक भवनको शिलान्यास भएको छ । आज बिहान एक कार्यक्रमका बीच बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भवनको शिलान्यास गर्नुभएको हो । हेटौँडा-८, सिर्जनावस्तीमा भवनको शिलान्यास गरिएको हो । अहिले निर्देशनालयको कार्यालय सामाजिक विकास मन्त्रालयअन्तर्गतकै हेटौँडा-७ स्थित अपाङ्ग पुनर्स्थापना केन्द्रको भवनमा सञ्चालन भइरहेको छ ।

हेटौँडा उपमहानगरपालिकाको नगर विकासको नाममा रहेको ८ कट्ठा १६ धुर जग्गा निर्देशनालयको भवन निर्माणका लागि उपमहानगरपालिकाले निर्देशनालयलाई उपलब्ध गराएको छ । भवन निर्माणका लागि कुल २० करोड ८५ लाख ८७ हजार रुपैयाँ लागतको विस्तृत परियोजना प्रस्ताव तयार भएको छ । विस्तृत परियोजना प्रतिवेदनअनुसार कार्यालयको भवन, कार्यालय प्रमुखको आवसगृह, परीक्षा भवन, क्यान्टिन, पालेघर, कम्पाउण्ड वाल र गेट निर्माण हुनेछ । भवन निर्माणका लागि चालु आर्थिक वर्ष २०८०/८१ मा १ करोड ९३ लाख ६१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको छ । चालु आर्थिक वर्षको असार १५ गतेसम्म कार्यालय भवनको जग तथा एक तला ढलानको कार्य सम्पन्न गर्ने सम्झौता भएको छ ।

भवन शिलान्यास कार्यक्रममा मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारको संरचना निर्माणको क्रममा हटौँडा उपमहानगरपालिकाले धेरै स्थानमा जग्गा उपलब्ध गराएको प्रति आभार व्यक्त गर्नुभयो । आर्थिक वर्षको अन्तिममा रहेकोले आगामी आर्थिक वर्षको बजेट तयारीको क्रममा रहेको जानकारी गराउँदै प्रदेश सकारले देखिने काम गर्नुपर्ने धारणा राख्नुभयो । प्रदेश सरकारले विकास र समृद्धिमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउँदै सरकारले साना योजनासँगै ठूला देखिने विकासको योजना लिएर जाने बताउनुभयो ।

कार्यक्रममा सामाजिक विकास मन्त्री कुमारी मोक्तानले विकासको क्षेत्रमा सबैको योजना आवश्यक रहेको बताउनुभयो । उहाँले मन्त्रालयले शिक्षा विकास निर्देशनालयको भवन निर्माणका लागि बजेट बिनियोजन गरे तापनि जग्गा प्राप्ति नहुँदा धेरै पटक बजेट नसकेकाले समस्या आएको बताउँदै जग्गा प्राप्तिले समस्या हटेको समेत जानकारी गराउनुभयो । कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले भवन निर्माणले सेवा प्रवाहमा सहज हुने बताउँदै शिक्षालाई व्यवस्थित बनाउन आवश्यक रहेको बताउनुभयो । नगरपालिकाले बाल उद्यान र बसपार्क बनाउन लागेकोले प्रदेश सरकारले सहयोग गर्न आवश्यक रहेको बताउनुभयो ।

भवन निर्माणको ठेक्का गणेश कन्स्ट्रक्सनले पाएको छ । भवन शिलान्यास कार्यक्रम सामाजिक विकासमन्त्री कुमारी मोक्तान सभाध्यक्षता तथा मुख्यमन्त्री जम्कट्टेलको प्रमुख आतिथ्यता रहेको थियो । भवन शिलान्यास कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव डा. भीष्म कुमार भुसाल, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेडाई, राष्ट्रिय परीक्षा बोर्डका प्रमुख कृष्णप्रसाद घिमिरे, शिक्षा विकास निर्देशनालयका निर्देशक दिपेन्द्र सुवेदी, ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापा लगायत मन्त्रालय, निर्देशनालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेशले वन पैदावर आपूर्ति समिति गठन गर्ने

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले प्रदेशका जिल्लाहरुमा वन पैदावर आपूर्ति समिति गठन गर्ने भएको छ । शुक्रबार हेटौँडामा पत्रकार सम्मेलनको आयोजना गर्दै प्रदेशका वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखरेलले ७८ बुँदे मन्त्रालयको भावी कार्यदिशाको बारेमा जानकारी गराउनुभएको हो ।

मन्त्री पोखरेलले वन क्षेत्रमा नीतिगत सुधारको लागि वन पैदावरको सहज आपूर्तिका लागि प्रदेशका जिल्लाहरुमा समिति गठन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । बागमती प्रदेशमा कुल १० लाख ९० हजार ८ सय ८० हेक्टर क्षेत्रफल वन क्षेत्रले ओगटेको छ । प्रदेशको कूल भूभागको ५३.७ प्रतिशत वनले ढाकेको छ । प्रदेशमा रहेको ४० प्रतिशत सामुदायिक वन उपभोक्ता समूह निष्कृय भएकाले वन डढेलो नियन्त्रण हुन नसकेको उहाँको भनाइ छ ।

मन्त्री पोखरेलका अनुसार मन्त्रालयले साउनबाट हर्बल चिया उत्पादन गरेर प्रयोगमा ल्याउने बताउनुभयो । प्रदेशको प्रमुख प्राकृतिक श्रोतको रुपमा रहेको वन क्षेत्रले प्रदेशको महत्वपूर्ण हिस्सा ओगटेको र मानिसको जीवनयापनसँग प्रत्यक्ष जोडिएकोले वन क्षेत्रको समुचितरुपमा व्यवस्थापन गर्न सके समग्र देशको समृद्धिको प्रमुख आधारस्तम्भ बन्न सक्ने उहाँको भनाइ छ ।

प्रदेशको नवीन कार्यक्रमअन्तर्गत् 'हरित शहर हरियाली क्षेत्र' निर्माण गर्न स्थानीय तहसँगको सहकार्यमा घरको नक्सापास गर्दा एक घर एक विरुवा रोपण कार्यक्रम सञ्चालन गर्ने मन्त्री पोखरेलले बताउनुभयो । मन्त्रालयले वन संरक्षण व्यवस्थापका लागि डिभिजन वन कार्यालयहरुमार्फत् वनको अवस्था, उपभोक्ताको चाहना तथा क्षमताअनुसार दिगो वन व्यवस्थापन कार्यविधि २०७९ अनुसार उत्पादनशील वन क्षेत्रमा वन व्यवस्थापन तथा सदुपयोगको कार्य गर्ने बताउनुभयो । बाँझो, पर्ती, ऐलानी तथा अतिक्रमित जग्गाहरुको लगत अद्यावधिक गरी संरक्षण तथा हरियाली विकासका कार्य प्रारम्भ गर्ने उहाँको भनाइ छ ।

यस्तै, सरकारी कार्यालय तथा वन व्यवस्थापन समूहले खरिद गर्ने काष्ठजन्य, जडीबुटी, फलफूल तथा गैरकाष्ठ बिरुवाको गुणस्तर नियन्त्रण तथा सुनिश्चितताको लागि मापदण्ड लागू गर्ने उहाँले बताउनुभयो । मन्त्रालयले वन जलाधार व्यवस्थापन तथा वातावरण संरक्षण गर्न सुख्खाग्रस्त क्षेत्रमा 'एक टोल एक पुनर्भरण पोखरी' अभियान सञ्चालन गरी पानी मुहान संरक्षण र संरक्षण पोखरी निर्माण कार्यअन्तर्गत् वर्षमा ४ सय वटा जल पुनर्भरण पोखरी निर्माण गरिने उहाँको भनाइ छ ।

सुन्दर शहर निर्माणका लागि प्लाष्टिकमुक्त प्रदेशको व्यवस्थाको लागि नीतिगत पहल गरी स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा कार्यक्रम सञ्चालन गरी वातावरणीय प्रदूषण गर्नेलाई नियमनको दायरामा ल्याउने मन्त्री पोखरेलको दाबी छ । प्रदेश सरकारले मकवानपुरको भीमफेदीमा रहेको हात्तीसार संग्रहालयलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न थप संरक्षण तथा व्यवस्थापन गर्ने भएको छ । प्रदेशमा राजधानीसहित ३ स्थानमा हावाको गुणस्तर परीक्षण उपकरण जडान गरिने भएको छ ।

# जेठ ३ गतेदेखि हेटौंडा कला महोत्सव हुँदै

समाज संवाददाता

हेटौंडाः आगामी जेठ ३ गतेदेखि हेटौंडा कला महोत्सव हुने भएको छ । सर्टेड प्लेनएयरको आयोजना तथा नेपाल कला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा जेठ ३ गतेदेखि ५ गतेसम्म हेटौंडा कला महोत्सव हुने भएको हो ।

शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजकले महोत्सवबारे जानकारी दिएको छ । महोत्सवमा हेटौंडा उपमहानगरको प्रमुख सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरुको चित्रकला प्रदर्शनी गरिने भएको छ । चित्रकलाका माध्यमबाट सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरुको दिगो संरक्षणको सन्देश प्रवाह गर्ने उद्देश्य महोत्सवको रहेको आयोजकले जानकारी दिएको हो ।

बागमती प्रदेशको राजधानी हेटौंडालाई कलानगरको रुपमा स्थापित गर्ने र हेटौंडामा कला विकासका पूर्वाधार निर्माणका लागि स्थानीय एवम् प्रदेश सरकारलाई अभिप्रेरित गराउने उद्देश्यले महोत्सव आयोजना गर्न लागेको बताइएको छ । महोत्सबाट उठेको रकमको ५० प्रतिशत मानवसेवा आश्रममा सहयोग गर्ने आयोजक कमिटीका संयोजक दिवेश प्रधानले जानकारी दिनुभयो ।

हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको सभाहलमा चित्रकला प्रदर्शनी, मकवानपुरको मकवानपुरगढी र हर्नामाडीको गुम्बाडाँडा भ्रमण र हेटौंडा-११ स्थित थानाभन्ज्याङमा र भूटनदेवी मन्दिरमा खुला चित्रकला कार्यशाला कला संवाद हुनेछ । बागमती प्रदेशको कला प्रवर्द्धनमा हेटौंडा नगरको भूमिकासम्बन्धी छलफल र लोक संस्कृति झल्काउने झाँकी तथा नृत्यकलाको पनि प्रस्तुति गरिने संयोजक प्रधानले बताउनुभयो ।

कला, साहित्य एवम् अन्य मनोरञ्जनका कुराहरुमा रुचि राख्ने व्यक्तिहरुलाई लक्षित गरेर आयोजना गर्न लागेको आयोजकले जनाएको छ । महोत्सवको चित्रकला प्रदर्शनीमा करिब २ हजार र कार्यशालामा ३ हजार गरी ५ हजार जना दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकको छ । महोत्सवमा ६ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# ३२ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडाः नेपाल लाइफ इन्सुरेन्सको २३ औं स्थापना दिवसको अवसरमा शुक्रबार बिहान रक्तदान कार्यक्रम भएको छ । हेटौँडा-१०, बुद्धचोकमा भएको कार्यक्रममा ३२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । कार्यक्रममा ६ जना महिला र २६ जना पुरुषले रक्तदान गरेका थिए । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो । शनिबार पनि हेटौँडा-९, लामसुरेमा रक्तदान कार्यक्रम हुने सापकोटाले जानकारी दिनुभयो ।

# बालबोध माविमा मनिटर तथा क्याप्टेन चयन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, ठूलोगङ्गटेस्थित बालबोध माध्यमिक विद्यालयमा मनिटर तथा क्याप्टेन चयन गरिएको छ । शुक्रबार विद्यालयमा मतदानबाट कक्षा ४ देखि कक्षा १० सम्मको मनिटर र विद्यालयको क्याप्टेन तथा भाइस क्याप्टेन चयन गरिएको विद्यालयका प्रधानाध्यापक दीपकलाल श्रेष्ठले जानकारी दिनुभयो ।

कक्षा ४ देखि १० कक्षासम्मको क्याप्टेनमा युजिन रानालाई हराउँदै अविराज गौतम चयन हुनुभएको छ । रानाले ७४ मत प्राप्त गर्नु भएको थियो भने गौतमले १ सय १४ मत प्राप्त गर्नु भएको थियो । यस्तै, भाइस क्याप्टेनमा जेनिशा अर्याललाई हराउँदै क्रिविना गोले चयन हुनुभएको छ । अर्यालले ९८ मत प्राप्त गर्नु भएको थियो भने गोलेले १ सय १३ मत प्राप्त गर्नु भएको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभयो ।

शुक्रबार भएको निर्वाचनमा कक्षा ४ बाट विकिशा शाहीलाई हराउँदै निरोज घलान मनिटर बन्नु भएको छ । मतदानमा शाहीले ५ मत प्राप्त गर्नु भएको थियो भने घलानले १८ मत प्राप्त गर्नुभएको थियो । यस्तै, कक्षा ५ बाट कुसुम अधिकारीलाई हराउँदै समर्पण मिश्र मनिटर बन्नु भएको छ । मतदानमा अधिकारीले ४ मत प्राप्त गर्नु भएको थियो भने मिश्रले २१ मत प्राप्त गर्नु भएको थियो ।

कक्षा ६ बाट सुमन गुप्तालाई हराउँदै कीर्तन ढुङ्गाना मनिटर बन्नु भएको छ । मतदानमा गुप्ताले ५ मत प्राप्त गर्नु भएको थियो भने ढुङ्गानाले १८ मत प्राप्त गर्नु भएको थियो । कक्षा ७ बाट रोशनी तिमल्सिनालाई हराउँदै सुगम भुजेल मनिटर बन्नु भएको छ । मतदानबाट तिमल्सिनाले १२ मत प्राप्त गर्नु भएको थियो भने भुजेलले १४ मत प्राप्त गर्नु भएको थियो ।

यस्तै, कक्षा ८ बाट दिप्सन भुजेललाई हराउँदै क्रिष्टिना गोले मनिटर बन्नु भएको छ । भुजेलले १५ मत प्राप्त गर्नु भएको थियो भने गोलेले २३ मत प्राप्त गर्नु भएको थियो । कक्षा ९ मा शितल आचार्यलाई हराउँदै रोहन विक मनिटर चयन हुनु भएको छ । मतदानबाट आचार्यले १३ मत प्राप्त गर्नु भएको थियो भने विकले ३५ मत प्राप्त गर्नु भएको छ ।

कक्षा १० को क्याप्टेनमा आयुष पुडासैनी चयन हुनु भएको छ । सिजन अर्याललाई हराउँदै पुडासैनी विजयी हुनुभएको हो । अर्यालले ६ मत प्राप्त गर्नु भएको थियो भने पुडासैनीले २३ मत प्राप्त गर्नुभएको छ । मतदान कार्यक्रममा विद्यालयका निर्वाचन संयोजक गोपाल भुजेलको अध्यक्षता रहेको थियो ।

# सिद्धार्थ शिशु सदनमा आँखा शिविर

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनमा निःशुल्क आँखा शिविर भएको छ । शुक्रबार विद्यालयका प्रधानाध्यापक केदारनाथ न्यौपानेले शिविरको उद्घाटन गर्नुभयो ।

शिविरमा ६० जना विद्यार्थीको आँखामा समस्या देखापरेको विद्यालयका शिक्षक सुन्दर लुईंटेलले जानकारी दिनुभयो । कक्षा ४ देखि १० सम्मका ४ सय ९६ जना विद्यार्थीहरुको आँखा परीक्षण गरिएकोमा ६० जना विद्यार्थीको आँखामा समस्या देखापरेको उहाँले बताउनुभयो । समस्या देखिएकाहरुलाई हेटौंडा आँखा अस्पतालमा निःशुल्क थप परीक्षण हुने उहाँले बताउनुभयो । शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पतालका स्वास्थ्यकर्मीहरु कृष्ण ढुङ्गाना, रमा महत, सलिना लामा र इन्द्रिका चौधरीलगायतले सहजीकरण गर्नुभएको थियो । यसअघि विद्यालयले पहिलो चरणमा नर्सरीदेखि कक्षा ३ सम्मका ३ सय ३ जनाको आँखा परीक्षण गरेको थियो । जसमा २७ जना विद्यार्थीहरुमा आँखाको समस्या देखिएको थियो । कक्षा १० सम्म पाठनपाठन हुने विद्यालयमा ९ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।


## साताव्यापी पशु आहार अभियान कार्यक्रम

पशुको आहारमा लागत कम गरी गुणस्तरीय र सन्तुलित आहारद्वारा दूधको उत्पादन बढाउने अभियान ।

मितिः २०८१ साल बैशाख २३ गतेदेखि बैशाख २९ गतेसम्म मकवानपुर जिल्लामा ।

**आयोजक**

**प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश**

**सह-आयोजक**

**जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर**



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


## ग्रामीण जागरण तथा विकास संगठन नेपाल, मकवानपुर

RADO-Nepal

## पुराना मोटरसाइकल लिलाम विक्री गर्न शिलवन्दि वोलपत्र आह्वानको सूचना

*(प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०१/२२)*

यस संस्थाको भौतिक परीक्षण उप-समितिको राय र कार्यसमितिको निर्णय तथा २०८०/०६/२७ गते बसेको साधारणसभाको निर्णयानुसार यस संस्थाको स्वामित्वमा रहेका तपशिल बमोजिमका पुराना मोटरसाइकलहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा निम्न शर्तहरुको अधिनमा रही लिलाम विक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति वा फर्महरुलाई सूचना प्रकाशित मितिबाट ३१ (एकतीस) दिनभित्रमा शिलवन्दी वोलपत्र पेश गर्नका लागि सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं | लिलाम हुने सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | यामाहा SZRR मोटरसाईकल | ७ थान |
| २. | होण्डा XR मोटरसाईकल | १ थान |
| ३. | हिरो होण्डा Pleasure Scotty | १ थान |

**लिलामको शर्तहरू**

१. मोटरसाइकलको सम्पूर्ण विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ ।
२. लिलाममा सहभागी व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र तथा संस्था/कम्पनि/फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन पेश गरिसकेपछि यस संस्थाको कार्यालयबाट वोलपत्र फारम प्राप्तगर्न सकिने छ ।
३. लिलाम विक्रीको न्यूनतम् मूल्य बोलपत्र फारममा उल्लेख भएको हुनेछ ।
४. लिलाम विक्रीमा सहभागी व्यक्ति वा फर्मले आफूले सकार गर्ने साधनको विवरण र रकम जम्मा गरेको सक्कल भौचर समेत संलग्न गर्नुपर्ने छ । रकम जम्मा गर्दा यस संस्थाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, हेटौँडा शाखाको चल्ती हिसाब नं १३००१००००२७८७००१ मा जम्मा गर्नुपर्ने छ ।
५. सामान हेर्न चाहनेहरुका लागि लिलाम हुने मोटरसाईकल यस संस्थाको कार्यालय हेटौँडा-२, मनकामनाचोकमा राखिएको ठाउँमा अवलोकन गर्न सकिने छ ।
६. लिलाम सकार गर्ने व्यक्ति वा फर्मलाई नियमानुसार मोटरसाईकल संस्थाले २ महिना भित्रमा नामसारी गरिदिने छ । नामसारी भएपछि मात्र उक्त मोटरसाईकल सम्बन्धित व्यक्ति वा फर्मलाई हस्तान्तरण हुनेछ ।
७. बोलपत्रदाताले कुनै एउटा वा सबै मोटरसाईकलको खरिद मुल्य पेश गर्न सक्नेछ । यसरी पेश गरेको मुल्यमा प्रत्येक मोटरसाइकलको अलग-अलग मूल्यांकन हुनेछ ।
८. संस्थाले सबैभन्दा बढी मुल्य पेश गर्ने बोलपत्रदातालाई मोटरसाईकलको नामसारी गर्ने छ ।
९. मोटरसाइकल नामसारी गर्दा लाग्ने शुल्क खरिदकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र पेश गर्दा अन्तिम दिनको १२:०० सम्म पेश गर्नुपर्ने छ र सोहि दिन २:०० बजे बोलपत्र खोलिने छ ।
११. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोहि समयमा बोलपत्र खोलिने छ ।
१२. अन्य थप केही भएमा संस्थाको नियम तथा प्रचलित कानुन वमोजिम हुनेछ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ